# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०८१/०८२
च.नं.:

मिति: २०८१/०७/४
ने.सं: ११४४ कोलागा: तृतीया आईतबार

**बाख्रा पकेट विकास कार्यक्रम संचालन सम्बन्धि सूचना।**

(दोस्रो पटक प्रकाशित मिति २०८१/७/४ गते आईतबार )

प्रस्तुत विषयमा सुनिलस्मृति गाउँपालिका सुलिचौर, रोल्पाको मिति २०८१/०६/०६ गतेको निर्णय अनुसार य गाउँपालिका अन्तर्गत पशु सेवा शाखाको आ.व. २०८१/०८२ मा संचालन हुने नेपाल सरकारद्धारा शसर्त हस्तान्त प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत तपसिलका बाख्रा पकेट विकास कार्यक्रम वडा नं १ र वडा नं मा ५० प्रतिशत लागत साझेदारीमा संचालन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अथ (मिति २०८१/७/११ गते सम्म ) कार्यालय समय भित्र ईच्छुक व्यवसायिक बाख्रा पालक समुह/कृषि सहकारी/बार पालन फार्महरुले आवश्यक कागजात सहित तोकिएको ढाँचामा प्रस्ताव तयार गरि आवेदन पेश गर्नै हुन सम्बन्धित सबै जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि नं | कार्यक्रमको नाम | पकेट कार्यक्रमको लागी प्रस्तावित क्षेत्र | न्यूनतम संख्या | जम्मा बजेट (रु. लाखमा) | कृयाकलापहरु |
|---|---|---|---|---|---|
| १ | बाख्रा पकेट विकास कार्यक्रम | सुनिलस्मृति गाउँपालिका वडा नं. १ र २ | १००० | १५ | -खोर निर्माण, सुधार<br>-बाख्रा पाठा/ पाठी खरिद<br>-बाख्रामा नश्ल सुधार<br>-आहारा विकास कार्यक्रम<br>-औषधि उपचार<br>-बाख्रापालन सम्बन्धि तालिम |

**पेश गर्नु पर्ने कागजातहरु -**

१ सम्बन्धित निकायमा कृषक समुह/समिति /सहकारी /बाख्रा फार्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२ कार्यक्रम संचालन हुने स्थान जग्गा जमिन को स्वामित्व खुल्ने कागजाग वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्रको प्रतिलिपि थान -१
३ स्थायी लेखा नं ( PAN) को प्रतिलिपि - १
४ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि -१
५ कार्य समितिको निर्णयको प्रतिलिपि थान - १
६ समुह सदस्यहरुको बाख्रा संख्या खुल्ने गरि सम्बन्धित वडाको सिफारिस पत्र -१
७ अनुसूचि ६ बमोजिम पकेट मागका लागी आवेदन फाराम -१
८ अनुसूचि ७ बमोजिमको आधारभुत तथ्याँक फाराम -१
९ कार्यक्रमको अन्तिम छनौट तथा निर्णय गाउँपालिकाको प्राविधिक समितिको हुने छ।

२०८१/६/१४

नि. प्रमुख प्रशासकीय अधिकृत

**नोट** - थप जानकारीको लागी गाउँपालिकाको पशु सेवा शाखा को ९८५७८२१४८८ मा सम्पर्क गर्न अनुरोध छ।



इमेल:info@sunilsmritimun.gov.np,ito@sunilsmritimun.gov.np वेबसाइट:sunilsmritimun.gov.np फोन नं:०८६-४०११५२,७०